# बर्दियाका स्रोतव्यक्तिले जिल्ला शिक्षा अधिकारीसंग गरेको कार्य सम्झौता

(Performance Contract)

म श्री .... ..... .... ... ... स्रोतकेन्द्रको स्रोतव्यक्ति ..... .... .... .... ... ले उक्त स्रोतकेन्द्रको स्रोतव्यक्ति भएको हैसियतले सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षकको निकटस्थ रही आर्थिक वर्ष २०७१/०७२ मा देहायका कार्यहरु सम्पादन गर्नेछु भनी जिल्ला शिक्षा अधिकारीसमक्ष यो सम्झौता पत्रमा हस्ताक्षर गरेको छु। इतिसम्बत २०७१ साल भाद्र ४ गते रोज ४ शुभम्।

**तपसिल**

१. आ-आफ्नो स्रोतकेन्द्रमा एस.एल.सी.को उत्तीर्ण प्रतिसतलाई गतवर्षको तुलनामा १० प्रतिसतको दरले बृद्धि गर्ने।

२. आ-आफ्नो स्रोतकेन्द्रस्तरमा कक्षा १ देखि कक्षा १० सम्मको सिकाइ उपलब्धिको स्तरलाई गतवर्षको भन्दा ५ प्रतिसतले बृद्धि गर्ने।

३. Planning for Learning Achievement by Students (PLAS) लाई कक्षा ८, ९ र १० मा अनिवार्यरुपमा लागू गर्ने।

४. आ-आफ्नो स्रोतकेन्द्रस्तरमा कम्तीमा एक-एकवटा बालविकास केन्द्र, प्राथमिक विद्यालय, निम्न माध्यमिक विद्यालय र माध्यमिक विद्यालयलाई नमूनाको रुपमा विकास गर्न प्रोत्साहित गर्ने।

५. आ-आफ्नो स्रोतकेन्द्रस्तरका शिक्षक, कर्मचारी, सहयोगी कार्यकता र विद्यार्थीहरुको विविध पक्षको विवरणलाई अद्यावधिक गर्ने र कार्यालयलाई आवश्यकता परेको समयमा उपलब्ध गराउनुपर्ने।

६. हरेक महिना कम्तीमा १० वटा शिक्षकहरुको कक्षा अवलोकन गरी सोको प्रतिवेदन पेश गर्ने।

७. विद्यार्थी सङ्ख्या कम भएका विद्यालयहरुको समायोजन गर्ने एवम् तह घटाउने कार्यमा सहजीकरण गर्ने।

८. विद्यालयहरुको विद्यालय सुधार योजना र गाविस एवम् नगरपालिकाहरुको गाउ शिक्षा योजना र नगर शिक्षा योजना निर्माण गरी/गराई सोको कार्यान्वयन गर्ने/गराउने।

९. यस वर्ष सम्पूर्ण गाविस र नगरपालिका हुदै बर्दिया जिल्लालाई पूर्ण साक्षर बनाउनका लागि शिक्षक, विद्यार्थी, अभिभावक र विद्यालय परिवार परिचालन गर्ने गराउने कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने।

१०. आफ्नो स्रोतकेन्द्रअन्तर्गतका विद्यालयहरुलाई विद्यालयको सेवा क्षेत्रमा विद्यालय उमेरको कुनै पनि विद्यार्थी सेवाक्षेत्र बाहिर नरहेको तथ्यलाई घोषणा गर्ने/गराउने कार्यलाई प्राथमिकता दिने।

११. स्रोतकेन्द्रस्तरमा सञ्चालित शैक्षिक कार्यक्रमहरुको अनुगमन र अभिलेखन गर्ने।

१२. विद्यालयहरुले आयोजना गर्ने साँस्कृतिक कार्यक्रमहरुमा बालबालिकाहरुलाई भड्किला र अनुपयुक्त गीतहरुको सट्टा बालमैत्री र शिक्षणसिकाइसँग सम्बन्धित गीतसङ्गीतहरुमा नाच्न/नचाउनका लागि विद्यालयहरुलाई सहजीकरण गर्ने।

१३. एक विद्यालय र एक बगैचाको अवधारणालाई विद्यालयहरुमा कार्यान्वयन गर्नका लागि सहजीकरण गर्ने।

१४. माथिल्लो निकायबाट आवधिक रुपमा निर्दिष्ट भएका र प्रचलित ऐननियम र परिपत्रले स्रोतव्यक्तिले गर्ने भनी तोकिएका अन्य कार्यहरु गर्ने।

| | |
|---|---|
| स्रोतव्यक्तिको नाम, थर : | जिल्ला शिक्षा अधिकारीको नाम, थर : जीतबहादुर शाह |
| दस्तखत : | दस्तखत : |
| मिति : २०७१/०५/०४/४ | मिति : २०७१/०५/०४/४ |